# प्रदेश नं. ५ को पर्यटन विकास र प्रबर्द्धनमा संस्थागत सहकार्यका लागि
# नेपाल पर्यटन वोर्ड, भूकुटी मण्डप, काठमाण्डौ
# र
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ५ बीचको
# समझदारीपत्र।

## पृष्ठभूमी

नेपालको संवैधानिक व्यवस्था अनुसार संघीयताको मर्म वमोजिम स्वायत्त प्रादेशिक सरकार अन्तर्गत स्थापना भई सञ्चालनमा रहेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, ले प्रदेश ५ का पर्यटकीय सम्पदाहरुको पहिचान, तिनको विकास र विविधिकरण तथा पर्यटकिय सम्पदाहरुलाई बजार सम्मको पहुँच विस्तार गर्नका लागी आवश्यक संस्थागत संरचनाहरु निर्माण गर्दै र आवश्यकता अनुसार विभिन्न तहका विशिष्टकृत निकायहरुसँग सहकार्य गर्दै जाने नीति लिएको छ ।

नेपाल पर्यटन बोर्ड, २०५३ अन्तर्गत नेपालको राष्ट्रिय पर्यटन संगठन (National Tourism Organization) को रुपमा सन् १९९८ मा एक स्वशासित र संगठित संस्थाका रुपमा स्थापित नेपाल पर्यटन बोर्ड नेपाललाई एक आकर्षक पर्यटन स्थलको रुपमा स्थापत गर्न र देश भित्र पर्यटन व्यवसायको विकास विस्तार तथा प्रवर्द्धन गर्नका लागी क्रियाशील रहेको छ ।

देशको एक प्रमुख सामाजिक आर्थिक क्षेत्रको रुपमा पहिचान भएको र राज्यको प्राथमिकतामा परेको क्षेत्र भएतापनि दशकौंको संगठित अभ्यासका वावजुद हाम्रो पर्यटन केही गन्तव्यहरु र गतिविधिहरुमा सिमित रहेको अवस्था छ । पर्यटनमा निहित गरबी निवारण, रोजगारी, महिला सशक्तिकरण, स्थानीयस्तरमा आर्थिक क्रियाकलापहरुको विस्तार लगायतका सकारात्मक प्रतिफलहरु प्रासिका लागि पर्यटन क्षेत्रको दायरालाई क्रमशः सम्भावना बोकेको सम्पदाहरु, क्षेत्रहरु र प्रदेशहरुमा विस्तार गर्दै लैजानुपर्ने टड्कारो आवश्यकता रहेकाले स्थानीय र प्रदेश स्तरमा पर्यटन विकासका लागि उपयुक्त वातावरण निर्माण गर्नका निम्ति बोर्डको प्रदेश सरकारहरुसँगको सहकार्य हुनुपर्ने स्वाभाविक अवस्था समेत निर्माण भएको छ ।

तसर्थ, आपसी छलफलका आधारमा आवश्यकता पहिचान गरिएको सहकार्यको प्राथमिक कार्य स्वरुप प्रदेश ५ को वुटवलमा नेपाल पर्यटन बोर्डको प्रादेशिक कार्यालय स्थापना र संचालन गर्नका लागि श्री उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्रालय, बुटवल, प्रदेश ५ र नेपाल पर्यटन बोर्ड, भूकुटी

मण्डप, काठमाण्डौं बीच निम्न बमोजिम संस्थागत सहयोग र सहकार्यको लागि यो समझदारीपत्र गरिएको छ ।

(क) उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्रालय, प्रदेश ५ को भूमिका

१. प्रदेश राजधानी (अस्थायी) बुटवलमा नेपाल पर्यटन बोर्डको प्रादेशिक कार्यालय स्थापना र संचालनका लागि मन्त्रालयसँग नियमित समन्वय सम्भव हुने गरी आवश्यक प्राथमिक भौतिक पूर्वाधारको व्यवस्थाको लागि सहजिकरण गरिदिने ।

२. कार्यालय संचालनको लागि आवश्यक पर्ने भौतिक सुविधा (बिजुली, पानी, टेलिफोन आदिको)का लागि आवश्यक सहजिकरण/प्रबन्ध गरिदिने ।

३. मन्त्रालयले आफ्ना कार्यक्रम अन्तर्गत आवश्यकता पहिचान र समयसापेक्ष नीतिऽ रणनीति र योजनाहरु निर्माण तथा आन्तरिक र बाह्य पर्यटन विकासका कार्यक्रमहरु सञ्चालनमा आवश्यक्ता अनुसार बोर्डको प्रादेशिक कार्यालयलाई सहभागी गराउने ।

(ख) नेपाल पर्यटन बोर्डको भूमिका

१. बोर्डको प्रादेशिक कार्यालय संचालनका लागि आवश्यक संख्यामा कर्मचारीहरुको प्रबन्ध गरी ती कर्मचारीहरुको लागि नियमित खर्चहरुको व्यवस्था गर्ने,

२. प्रदेश भित्रका नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान, अनुसन्धान, विकास र प्रर्वद्धनमा आवश्यक सहयोग र समन्वय गर्ने,

३. प्रदेश सरकारसँगको समन्वयमा पर्यटन पूर्वाधार विकास लागयतका विविध कार्यक्रमहरुको आवश्यक पहिचान गरी लागत साझेदारीमा कार्यक्रमहरु संचालन गर्ने,

४. पर्यटन विकास र प्रबर्द्धन सम्बन्धि विद्यमान नीतिहरु सम्बन्धमा प्रदेशमा रहेका पर्यटकीय गन्तव्यहरुको प्रबर्दनका लागि मन्त्रालयको अगुवाईमा FAM Trip लगायत बजारीकरणका कार्यक्रमहरु आयोजनामा समन्वय र सहजीकरण गर्ने ।

५. प्रदेश तथा स्थानीय स्तरमा सञ्चालन हुने पर्यटकीय मेला महोत्सवको सञ्चालनमा आवश्यक समन्वय र सहयोग गर्ने ।

Nepal Tourism Board 1997 Gaddachauki, Kanchanpur

६. पर्यटकीय गन्तव्यहरुको प्रबर्द्धनका लागि आवश्यक पर्ने समय अनकूलका प्रबर्धदनात्मक सामग्रहीहरु तयार गर्ने, वितरण गर्ने।

७. मन्त्रालयले पहिचान गरेका पर्यटनमा आश्रित समुदाय तथा पर्यटन र आतिथ्यता सेवा प्रदान गर्ने उद्यमीहरुलाई लक्षित गरी आवश्यकता अनुसार तालिम लगायत मानव संशोधन विकास कार्यक्रमहरु संचालन गर्ने ।

८. संघीय स्तरमा बोर्डले सञ्चालन गर्ने पर्वद्धनात्मक तथा क्षमता अभिवृर्द्धिका कार्यक्रममा मन्त्रालय मातहतका कार्यालयहरु र अन्य संघसंस्थाहरुलाई सहभागी गराउने ।

उद्योग, पर्यटन, वन, तथा वातावरण
मन्त्रालय, प्रदेश ५ को तर्फबाट

नेपाल पर्यटन बोर्डको तर्फबाट

.........................
डा. राजेन्द्र के.सी.
सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय
बुटवल, रुपन्देही

.........................
डा. धनन्जय रेग्मी
कार्यकारी प्रमुख

Nepal Tourism Board
NTB
1997
Gaddachauki, Kanchanpur

मिति : २०७७ साल असोज ४ गते रोज १ शुभम् ।